महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सरुमारानी गाउँपालिका

प्यूठान

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सरुमारानी गाउँपालिका

प्यूठान



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९

च.नं. ७१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

प्यूठान ।

कैफियत सहितको राय

हामीले सरुमारानी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३६ लाख २७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.३६ लाख २७ हजार फछ्यौंट भई बाँकी रहेको छैन ।पालिकाको गतवर्ष सम्म रु.१ करोड २५ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१९ लाख ९७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

सरुमारानी गाउँपालिका, प्यूठान

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२७	३	३६२७	०	३	३६२७	२७	०	०	०	०	०	०	०	०	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
२७	कार्यसम्पन्न पेश नभएको	३६००००००
२८.१	बढी भुक्तानी	२६८४९
	जम्मा	**३६२६८४९**

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सरुमारानी गाउँपालिका, प्यूठान	१२५६२	०	१०५६५	१९९७	०	०	१९९७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सरुमारानी गाउँपालिका, प्यूठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चिन्तामणि रेग्मी	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	टोप वहादुर शाही	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,१३,३९,८४१.१६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२७,८४,११,२०६	**चालु खर्च**	२५,२८,७३,०७८.२१
प्रदेश सरकारबाट अनुदान	२,९८,७४,४८५	**पूँजीगत खर्च**	१२,१७,०२,९२९.४३
राजश्व बाँडफाँट	७,३७,२१,४७८.५	**वित्तीय/अन्य व्यवस्था**	६,८७,४३,९१७.२८
आन्तरिक आय	१,२३,३१,९४२.३८		
अन्य आय	६,६२,४१,४४६.६८		
कुल आय	४६,०५,८०,५५८.५६	**कुल खर्च**	४४,३३,१९,९२४.९२
बाँकी मौज्दात		५,८६,००,४७४.८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**लेखापरीक्षण** उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्याङ्कन तथा लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिको लागि जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर कार्यालयका पदाधिकारीहरुसँग मिति २०७९।०६। मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सरुमारानी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सरुमारानी गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १५७.९७ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने यस पालिकाको जनसंख्या १९ हजार ३ सय ७० रहेको छ ।	
३			**लेखापरीक्षणको क्रममा असूली** लेखपरीक्षणको क्रममा बढी भुक्तानी भएको रकम रु१६८६०। असूली भएको छ ।	
४			**स्थानीय सञ्चित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस सरुमारानी गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसावको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४१३३९८४१.१६	१	चालु खर्च	२५२८७३०७८.२१	२५२८७३०७८.२१
	(क) संचित कोष	३३१७१६७९.८९		२	पूँजीगत खर्च	१२१७०२९२९.४३	१२१७०२९२९.४३
	(ख) धरौटी खाता	४१२६१२४.९१		३	प्रकोप व्यवस्थापन कोष खर्च	७७२४३६	७७२४३६
	(ग) प्रकोप व्यवस्थापन कोष	२६७४९०१.२८		४	विविध खर्च खाता	१५०००००	१५०००००
	(घ) विभाज्य कोष	३८३४६.५०		५	धरौटी फिर्ता	२२२०५४२.२८	२२२०५४२.२८
	(ङ) वातावरण तथा विकास कोष खाता	३०९५००		६	वजेट फिर्ता को.ले.नि.का.फिर्ता	३९४९१४४	३९४९१४४
	(च) महिला तथा वाल विकास	३५०००		७	अन्तर स्थानीय तहवाट प्राप्त		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	कोष						
	(छ) लैंगिक हिंसा निवारण कोष	१०००००			(क) सामाजिक सुरक्षा	६०३०१७९५	६०३०१७९५
	(ज) कर्मचारी कल्याण कोष	५०००००		६	मौज्दात		५८६००४७४.८०
	(झ) विविध खर्च खाता	३८४२८८.६०			(क) संचित कोष	४९७९६२७५.२१	
२	राजस्व (आन्तरिक आय)		८६०५३४२०.८८		(ख) धरौटी	४२१७६५८.३१	
	(क) आन्तरिक राजस्व	६२७७५७२.३८			(ग) प्रकोप व्यवस्थापन कोष	३२४२०४१.२८	
	(ख) राजस्व बाँडफाँट	७३७२१४७८.५०			(घ) विविध कोष	१३४४५००	
३	वित्तिय हस्तान्तरण संघ		२७८४११२०६				
	(क) वित्तिय समानीकरण	८५७०००००					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				अनुदान							
				(ख) सशर्त अनुदान	१७५८८८८०९						
				(ग) समपुरक अनुदान	१०११७८३०						
				(घ) विशेष अनुदान	६७०४५६७						
			४	प्रदेश सरकारवाट प्राप्त अनुदान		२९८७४४८५					
				(क) वित्तिय समानीकरण अनुदान	३९७२०००						
				(ख) सशर्त अनुदान	६०७८९८०						
				(ग) समपुरक अनुदान	१२९७२१९५						
				(घ) विशेष अनुदान	६८५१३१०						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			५	अन्तर स्थानीय तहवाट प्राप्त		६०३०१७९५					
				(क) सामाजिक सुरक्षा	६०३०१७९५						
			६	बिभिन्न कोष तर्फको आय		२१२७५७६					
				(क) कर्मचारी कल्याण कोष	४०००००						
				(ख) प्रकोप व्यवस्थापन	१३३९५७६						
				(घ) विविध खर्च खाता	३८८०००						
			७	विषयगत निकायबाट प्राप्त		१५०००००					
			८	धरौटी आय		२३१२०७५.६८					
				जम्माः	५०१९२०३९९.७२	५०१९२०३९९.७२		**जम्माः**	५०१९२०३९९.७२	५०१९२०३९९.७२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। पालिकामा ऐनमा भएको व्यवस्था वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगरेको कारण निम्नानुसार देखिएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • जिन्सी निरिक्षण गरी प्रतिवेदन तयार गरेकोमा उल्लेख भए वमोजिम पुराना सामान मर्मत सम्भार र लिलाम विक्री गरेको पाईएन । • आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ वमोजिम राजस्व तथा खर्च संकेत अनुसार लेखा राखेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • पदाधिकारीहरुलाई मासिक अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन सुबिधा खर्च लेख्ने गरेको । • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ वमोजिम स्थानीय तहले ३ आर्थिक वर्षको खर्चको प्रक्षेपण गरी मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने सो वमोजिम गरेको देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६			**चौमासिक खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार कुल पूँजीगत खर्च तर्फ चौमासिक खर्चको तुलना गर्दा प्रथम चौमासिकमा ०.०१ प्रतिशत, दोश्रो चौमासिकमा २३.०२ प्रतिशत र तेश्रो चौमासिकमा ७६.९७ प्रतिशत खर्च भएको छ । यसरी तेश्रो चौमासिक अर्थात् वर्षान्तमा मात्र अधिक खर्च गर्दा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक वजेटको आधारमा खर्च गरी बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।	

वजेट उपशिर्षक	वजेट र खर्च (रु.हजारमा)		प्रथम चौमासिक (रु.हजारमा)		दोश्रो चौमासिक (रु.हजारमा)		तेश्रो चौमासिक (रु.हजारमा)	
	वजेट	खर्च	वजेट	खर्च	वजेट	खर्च	वजेट	खर्च
चालु खर्च तर्फ	३०३७७१	२५२८७३	९९२२१	५१३७५	८८५३४	६७८१५	१०७५४०	१३३६८१
पूँजीगत खर्च तर्फ	१६०८७२	१२१७०२	८४१७०	१४	११९७६	२८०२७	३१६९३	९३६६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**खरिद योजना** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैंया भन्दा वढी रकमको खरिद कार्य गर्नुपर्ने भएमा वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमानुसार वार्षिक खरिद योजना तयार गरेको देखिएन । नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित वनाउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>

क्षेत्रगत वजेट खर्च

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>सि.नः</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत
(जम्मा खर्चको तुलनामा)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२३२६२६५५.००</td><td>२००७८१२०.००</td><td>२.१८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१०४२२३८४५.००</td><td>७९८६७५९१.३८</td><td>८.७०</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२२४८७३३९९.६०</td><td>१९३६२२०७५.६३</td><td>२१.०९</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३०४९५८१४.००</td><td>२०६१४११७.९९</td><td>२.२५</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८१७८७५३५.००</td><td>६०३९४११०२.६४</td><td>६५.७८</td></tr>
<tr><td></td><td>जम्माः</td><td>४६४६४३२४९.००</td><td>९१८१२३००८</td><td>१००.००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कुल खर्च मध्ये सवै भन्दा वढी अन्य कार्यालय संचालन तथा प्रशासनिक खर्चमा ६५.७८ प्रतिशत र सवै भन्दा घटी आर्थिक विकासमा २.१८ प्रतिशत खर्च भएको छ । मध्य कालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सुचकहरु निर्धारण गरी सोही आधारमा वजेट सांकेतीकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी वजेट व्यवस्थापन गर्नु पर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
योजना छनौट
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरी योजना तयार हुनुपर्ने व्यवस्था छ । पालिकाले आवधिक ,मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गरेको देखिएन र योजनाको प्राथमिकिकरण गरेको समेत देखिदैन । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा रु ११ करोड ३७ लाख ३० हजारका २६५ योजना छनौट गरी कार्यान्वयन गरेकोमा अधिकांश निम्नानुसार साना आयोजनाहरु छनौट गरी कार्यान्वयन गरेको देखियो ।
<table>
<tr><th>योजना संख्या</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>रु १लाख सम्मका योजना</td><td>१०६</td><td>५८३००००</td></tr>
<tr><td>रु १लाख देखि रु २लाख सम्मका योजना</td><td>६०</td><td>९००००००</td></tr>
<tr><td>रु २ लाख देखि ५ लाख सम्मका</td><td>६८</td><td>२३८०००००</td></tr>
<tr><td>रु ५लाख देखि १० लाख सम्मका</td><td>२४</td><td>१६८०००००</td></tr>
<tr><td>रु१० लाख देखि माथिका</td><td>७</td><td>५८३०००००</td></tr>
<tr><td>जम्मा</td><td>२६५</td><td>११३७३००००</td></tr>
</table>
साना योजना छनौट गरेर बजेट विनियोजन गरी योजना कार्यान्वयन हुदा योजनाको उद्देश्य पुरा नहुन सक्दछ । योजना छनौट गरी बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्दा ठुला योजनालाई प्राथमिकता दिइ योजना छनौट गरेर बजेट विनियोजन गरी योजनाको दिगोपना र प्रतिफल प्राप्त हुने गरी योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>न्यायिक समिति</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा यस वर्ष २१ विवाद्को उजुरी परेको मध्ये १७ न्यायिक समितिबाट समाधान भएका छन् भने २ समितिवाट फछ्यौंट हुन नसकी अदालत पठाएको छ । समितिमा परेका उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।	
११			**आर्थिक सहायता** सरकारको बार्षिक कार्यक्रममा परेका वाहेक कुनैपनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउने नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्राभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७७ मा उल्लेख छ। उपरोक्त व्यवस्था स्थानिय तहका सबै कार्यालयहरुले पालना गर्नुपर्ने समेत उल्लेख छ। कार्यपालिकाको निर्णय बमोजिम विभिन्न १०६ जना गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने विपन्न, असहाय, वृदवृद्धा तथा विभिन्न कारणले आर्थिक रुपले कमजोर रहेका व्यक्तिहरुलाई निवेदन लिइ प्रमुखको तोक आदेशानुसार यो वर्ष रु.१०६८०००। आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र आर्थिक सहायता र औषधि उपचार खर्च गर्नुपर्ने देखिन्छ ।	
१२			**कर्मचारी कल्याण कोष** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानिय तहले स्थानिय सेवाको आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा ४ लाख रुपैया ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान रही कर्मचारीको योगदान देखिएन । यसरी कर्मचारीको योगदान वेगर कार्यालयको मात्र योगदान रहने गरी कल्याण कोष खडा गर्नु ऐन विपरित हुने हुनाले ऐनमा भएको व्यवस्था विपरित कर्मचारीले खाइपाइ आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष संचालन गर्नु	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उचित देखिएन । कानुनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

कोभिड खर्च

पालिकाले कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा आर्थिक वर्ष २०७८।७९ मा प्राप्त रकम र खर्च सम्बन्धी निम्नानुसार बिवरण पेश गरेको छ ।

<table>
<tr><td>आम्दानी श्रोत</td><td>रकम रु.</td><td>खर्च शिर्षक</td><td>रकम रु.</td></tr>
<tr><td>गत वर्षको बाँकी</td><td>२६७४९०१.२८</td><td>राहत वितरण/तलव</td><td>५६४५९५.००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटबाट</td><td>१२३९५७६.००</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>९८८४१.००</td></tr>
<tr><td>अन्य श्रोतवाट</td><td>१०००००.००</td><td>अन्य खर्च</td><td>१०९०००.००</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>३२४२०४१.२८</td></tr>
<tr><td>जम्माः</td><td>४०१४४७७.२८</td><td>जम्माः</td><td>४०१४४७.२८</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>

प्र.अ.भत्ता

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को कार्यक्रम नः २.२ को शिक्षकको तलव भत्ता तथा सेवा सुविधा विवरणमा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको तलव र प्रधानाध्यापकको भत्ता सम्वन्धी व्यवस्था गरिएको छ । जस अन्तर्गत प्राथमिक तहमा रु.२००। निम्न माध्यमिक विद्यालय तहमा रु.३००। र माध्यमिक तहमा रु.५००। व्यवस्था भएकोमा गाउँ कार्यपालिकाले निर्णय गरी सोही भत्तामा सतप्रतिशत भन्दा वढी प्रोत्साहन भत्ता थप गरी प्राथमिक तहमा रु.५००। निम्न माध्यमिक विद्यालय तहमा रु.७००। र माध्यमिक तहमा रु.१०००। का दरले सवै विद्यालयका प्रधानाध्यापकलाई भुक्तानी हुने गरी रु.२१३३००। थप निकासा दिएको देखियो । यस प्रकारको खर्चमा नियन्त्रण हुनु पर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**प्रधानमन्त्री रोजगार** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था वमोजिम नै गरेको पाइयो। कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने वाटो सफा गर्ने जस्ता योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, पहिरो सफाई लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१६ जनालाई रोजगारी उपलव्ध गराई रु.१,००,६७,५४१। खर्च गरेको छ । लक्षित वर्गलाई ५७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
१६			**समानिकरणवाट शिक्षकलाई तलव** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट यस बर्ष रु.१,५९,०८,११०। तलब भत्ता भुक्तानी गरेको पाईयो । यस प्रकारको खर्चले पालिकालाई थप व्ययभार वढ्दै जाने भएकोले दिर्घकालिन समाधान गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१७			**सामाजिक सुरक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.६,०३,०१,७९५। खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । • **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। • **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइन । • **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१८			**शिक्षक दरवन्दी र पदपूर्ति**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । विद्यालय संख्या: २८; शिक्षक दरवन्दी: १५६; पदपूर्ति: १५६; पदपूर्ति मध्ये करार: ९२; विद्यार्थी संख्या: ७०६०	
१९			**हेफर इन्टरनेश्नल नेपाल**	
१९.१			पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण, खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यस सरुमारानी गाउँपालिकाले मिति २०८०।०३।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।०२।११ मा रु.४ करोड २० लाखको सम्झौता गरी यो बर्ष रु.१ करोड १२ लाख ५० हजार समेत हाल सम्म रु.१,१९,११,५००। भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।	
१९.२			**कानुनी व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । तर गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल बीचको साझेदारी सम्झौता पत्रको बुँदा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नः ७.२.२ मा प्रथम पक्षले वार्षिक रुपमा स्वीकृत गरेको रकम पेश्कीको रुपमा पहिलो किस्तामा २५ प्रतिशत, दोश्रो किस्ता ५० प्रतिशत र तेश्रो किस्ता २५ प्रतिशत परियोजनाका लागि संचालन गरिने बैंक खातामा उपलव्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष हेफर प्रोजेक्ट नेपाललाई रु.१,१२,५०,०००। बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराएको अनियमित देखिएको छ। कानून वमोजिम अग्रीम बैंक जमानत लिई पेश्कि दिने व्यवस्था मिलाउनु पर्दछ ।	
१९.३			**लागत अनुमान तयार नगरेको**ः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए वमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गरिवी निवारणका लागि दिर्घकालिन परियोजना संचालन गर्ने उद्धेश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धी गरी रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न गैह्र सरकारी संस्था हेफर इन्टरनेश्नल नेपाल छनौट भएको र मिति २०८०।३।१५ सम्ममा सम्पन्न गर्ने गरी कुल लागत रु.४२००००००। को ७५ प्रतिशतले हुने रु.३१५०००००। पालिकाले व्यहोर्ने गरी मिति २०७८।२।११ मा भएको सम्झौता भएको कार्यको लागत अनुमान तयार गरेको देखिएन । खरिदको लागत अनुमान तयार नहुंदा खरिद कार्यको लागि लाग्ने वास्तविक लागत यकिन नहुने देखिएकोले ऐनमा व्यवस्था भए अनुसार खरिदको लागत अनुमान तयार गरी खरिद कार्य अगाडी वढाउनु पर्दछ ।	
१९.४			**विल बिजक**ः हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको रु.१ करोड १२ लाख ५० हजार कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २५ प्रतिशत योगदान गर्ने र ७५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।	
१९.५			लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा १०० प्रतिशत श्रेस्ता पेश गर्नुपर्नेमा ७५ प्रतिशतको मात्र श्रेस्ता पेश गरेको र २५ प्रतिशतले हुने रु.४८००७४२।१९ को श्रेस्ता पेश नभएको अवस्थामा पनि भुक्तानी दिएको लेखापरीक्षण गराएको छैन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>अधुरो निर्माण कार्य
सार्वजनिक खरिद नियमावली २०६४ तथा सम्झौताको शर्त वमोजिम निर्माण व्यवसायीले तोकिएको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ठेक्का नम्वर २।०७८।७९ बडडाँड उपल्लोखुट्टी तिराम सडक नयाँ ट्र्याक निर्माण कार्यकाे लागत अनुमान रु ७९९९७४४।०८ को निर्माण कार्य निर्माण व्यवसायी हमाल विल्डर्श सँग मिति २०७८।९।१६ मा सम्झौता भइ सम्झौता रकम रु ३१३८७०९।९० मा मिति २०७८।१२।३० मा सम्पन्न गर्नुपर्ने निर्माण कार्यको प्रथम रनिङ विल रु ४६०६६०।३२ भुक्तानी भएकोमा १४.६७ प्रतिशत वित्तिय प्रगति भएकोमा उक्त निर्माण व्यवसायीको म्याद थप नभएको र निर्माण व्यवसायीले निर्माण कार्य समेत सुचारु गरि नराखेको अवस्था देखियो । निर्माण कार्य सुचारु नभएकोमा निर्माण व्यवसायीलाई पटक पटक निर्माण कार्य सुचारु गर्न पालिकाले पत्राचार गरेको भएता पनि निर्माण व्यवसायीले निर्माण कार्य सुचारु गरेको देखिएन । खरिद नियम तथा सम्झौतामा उल्लेख भएअनुसार समयमा निर्माण कार्य सम्पन्न नहुदा निर्माण कार्यको उद्देश्य पुरा हुने देखिदैन । खरिद ऐन नियम र सम्झौतामा भएका व्यवस्था अनुसार समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायलाई कानूनी प्रक्रिया पुरा गरी समयमा निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>मेशिनवााट भएको निर्माण कार्य
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । निम्न उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको देखिदैन ।
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको विल रकम</th></tr>
<tr><td>बडडाडा दाङसिङ्ग मोटरबाटो निर्माण</td><td>६६८०९०.४०</td><td>६०००००</td><td>जी सी निर्माण सेवा प्रा ली</td><td>५९८१२८.७६</td></tr>
<tr><td>ढाण रिङ्गरोड स्तरोन्नती सडक</td><td>५४२८४२.५०</td><td>४८८५२६</td><td>जी सी निर्माण सेवा प्रा ली</td><td>२५१४६३.७६</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कुडुले सिरुवारी मोटरबाटो	५१९३४४.२१	४६२६०२	जी सी निर्माण सेवा प्रा ली	४६०८५२.२१
ओन्जेनी पाङवाङ्ग मोटरबाटो	५१७६७५.७५	४६५५२२	ओशिका कन्सट्रक्सन	४९०८४०.२०

सार्वजनिक खरिद नियममा भएको व्यवस्था वमोजिम उपभोक्ता समिति आफैले निर्माण कार्य नगरी निर्माण व्यवसायी मार्फत कार्य गराउदा नियमको पालना नहुनुको साथै प्रतिस्पर्धा नहुने देखियो । नियममा भएको व्यवस्था वमोजिम उपभोक्ता समिति आफैले निर्माण नगरी निर्माण व्यवसायीवाट गराउने निर्माण कार्यहरु नियमानुसार प्रतिस्पर्धा गराएर हुनुपर्दछ ।

२२

पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (५) मा उपभोक्ता समितति वा समुदायलाई दिएको पेश्की रकम अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था छ ।झोलुङ्गे पुल निर्माण उपभोक्ता समितलाई निम्नानुसार पेश्की गएकोमा आर्थिक बर्षको अन्त्य सम्म निर्माण कार्य सम्पन्न नभइ बर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले सम्झौता अनुसार सम्झौताको म्याद बाँकी रहेकोले किस्ता भुक्तानि हुदा नियमानुसार पेश्की बाँकी रकम फछ्र्यौट हुनुपर्दछ ।

उपभोक्ता समितिको नाम	पेश्की बाँको रकम
खारा मसुरे झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति	५०००००
करमबास मीठीआँप झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति	५०००००

२३

स्थायी लेखा नम्वर नलिएको

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा रोजगारीको सृजना गर्ने उद्देश्य भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर लिएको हुनुपर्ने व्यवस्था छ । यो बर्ष १९२ उपभोक्ता समितिबाट रु ३ करोड ७८ लाख १४ हजार रकमको कार्य उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गराएकोमा यस पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना वा रोजगारी सृजना गर्ने मुख्य उद्देश्य रहेको सुनिश्चितता हुने आधार पुष्ठी गरेर कार्य गराएको देखिएन र उपभोक्ता समिति वा लाभग्राही समुदायले आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर लिएको देखिएन । उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा नियममा भएको व्यवस्थाको कार्यान्वयन नहुदा नियममा भएको व्यवस्थाको कार्यान्वयनमा असर पर्नुको साथै प्रतिस्पर्धा नहुने देखियो ।उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराउदा नियममा भएको व्यवस्था बमोजिम मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने वा रोजगारीको सृजना गर्ने सुनिश्चिता हुनुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले स्थायी लेखा नम्वर लिएको हुनुपर्दछ।	
२४			**आयोजना हस्तान्तरण नभएको** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष खानेपानी आयोजना निर्माण, सिंचाइ कुलो निर्माण, सडक निर्माण जस्ता रु ३ करोड ७८ लाख १४ हजार रकमका १९२ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२५			**चेनेज नखुलाएको** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ क मा सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग खरिद गुरुयोजनामा उल्लेखित प्याकेजिङ्ग सङ्ख्याको प्रतकुल नहुने गरी गर्नु पर्ने व्यवस्था छ । बडडाँडा बजारक्षेत्र भित्र सडक कालोपत्रे तथा सडक स्तरोन्नती कार्यको निम्नानुसार चारवटा ठक्का स्वीकृत गरी कार्यान्वयन भएकोमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ठेक्काको चेनेज उल्लेख गरी लागत अनुमान तयार गरी ठक्का आह्वान नगरेको र ठेक्का सम्झौता गर्दा समेत ठेक्काको चेनेज उल्लेख गरेको देखिएन ।
<table>
<tr><th>ठेक्का नम्वर</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>लागत अनुमान रकम</th><th>सम्झौता रकम</th></tr>
<tr><td>१०।०७८।७९</td><td>बडडाँडा बजारक्षेत्र भित्र सडक कालो पत्रे योजना</td><td>स्मृति विशाल कन्सट्रक्सन सेवा</td><td>१०९९७६०३।</td><td>६९३२८१६।५५</td></tr>
<tr><td>१३।२०७८।७९</td><td>बडडाँडा बजारक्षेत्र भित्र सडक कालो पत्रे योजना</td><td>कश्यप निर्माण सेवा</td><td>४०६६८३१।</td><td>२९९१५४०।९</td></tr>
<tr><td>११।२०७८।७९</td><td>ऐरावती बडडाँडा दाङ सडक स्तरोन्नती कार्य</td><td>समिर कन्सट्रक्सन</td><td>२४४९९३९८।६१</td><td>१४७३१२२३।३६</td></tr>
<tr><td>१५।२०७८।७९</td><td>ऐरावती बडडाँडा दाङ सडक स्तरोन्नती कार्य</td><td>स्मृति विशाल कन्सट्रक्सन सेवा</td><td>१०२६७९६७।२८</td><td>६५७६७४२।४५</td></tr>
</table>
ठेक्काको लागत अनुमान तयार गर्दा चेनेज उल्लेख नगर्दा निर्माण कार्यको कार्यान्वियनमा स्पष्ट नहुने देखिन्छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा र ठेक्का स्वीकृत एवं सम्झौता गर्दा निर्माण कार्यको चेनेज स्पष्ट खुलाएर लागत अनुमान तयार गरी ठेक्का स्वीकृत गरेर सम्झौता गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>नक्सा पास नभएको
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । यस गाउँपालिकावाट निर्माण भएका भवनहरुको समेत नक्सा पास नगरी भवन निर्माण नभएका केही उदाहरण निम्न रहेका छन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि नं</td><td>भवनको नाम</td><td>सम्झौता मिति</td><td>सम्झौता रकम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>सरश्वती माध्यामिक विद्यालय भवन निर्माण</td><td></td><td>६३३४७१४</td><td>५७०००००</td></tr>
<tr><td>२</td><td>४ नम्वर वडा कार्यालय भवन निर्माण</td><td>२०७८।५।९</td><td>३५०६९०३</td><td>३४७०६७९</td></tr>
<tr><td>३</td><td>२ नम्वर वडा कार्यालय भवन निर्माण</td><td>२०७८।८।७</td><td>५४९९९५३</td><td>३५३९४७७</td></tr>
<tr><td>४</td><td>ढुङ्गेगढी स्वस्थ्य चौकी भवन निर्माण</td><td>२७७।१२।२</td><td>४२९६५७५</td><td>३७८५८१९</td></tr>
</table>
गाउँपालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कार्यसम्पन्न नभएको

.... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१३ को निर्णयबाट रु.३६००००० ।-सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कर्मचारी क्षमता विकास तालिम</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>ओभरहेड</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			...........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२५ को निर्णयबाट रु.२६८४९।-सम्परीक्षण गरिएको ।)	
२८.२			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियमावली, २०६४ को नियम १२(४) मा परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसूची १(क) को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीहरुका लागि क्षमता विकास तालिम मिति २०७८।१२।८ देखि १२।१२ सम्म सञ्चालनको लागि मिति २०७८।११।५ मा मौजुदा सूचीमा रहेको सेवा प्रदायक संस्थाहरुवाट दररेट माग गरेको छ । उक्त दररेटको आधारमा लागत अनुमान तयार गरी पुनः प्रस्ताव माग गरी छनौट गर्नुपर्नेमा पालिकाले लागत अनुमान नै नवनाई सोही मध्यवाट सेवा प्रदायक महिला सरोकार मञ्च नेपाल शारदा न.पा .२ सल्यानलाई छनौट गरी सम्झौता गरेको देखियो । नियममा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नु पर्दछ ।	
२९			**छोरी पेवा वचत कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । गाउँपालिकाले सरुमारानी छोरी पेवा वचत कोष सञ्चालन कार्यविधि, २०७५ जारी गरी कार्यविधिको परिच्छेद २ दफा ३(ग) मा छोरी वचत कोषमा विनियोजन गरेको रकमबाट मासिक रुपमा वालिका १० वर्षकी नहुँदासम्म बालिकाको खातामा मासिक रु.१००। का दरले जम्मा गरिदिने र सोही दफा को खण्ड (घ) मा वालिका १० वर्षकी भएपछि बालिग नभए सम्म निजका वावु आमाले आफ्नो आम्दानीको कम्तिमा ५ प्रतिशत रकम सोही खातामा जम्मा गरिदिई बचत प्रकृयालाई निरन्तरता दिनुपर्ने व्यवस्था छ । मिति २०७८।९।४ को गाउँकार्यपालिका वैठकले सो रकमलाई वढाई मासिक रु.४००। वनाएको देखियो भने सोही दरमा यस वर्ष ३७७ वालिकाको लागि रु.२०२६४००। रकम खातामा जम्मा गरेको विवरण पेश गरेको छ । यस प्रकारको खर्चको प्रभावकारिता विश्लेषण गरी पालिकाले कार्यक्रम गर्नु पर्दछ ।	
३०			संपरिक्षण	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>वेरुजू दफा नः</th><th>वेरुजूको छोटकरी व्यहोरा</th><th>संपरिक्षणको आधार</th><th>संपरीक्षण भएको रकम</th></tr>
<tr><td>२०७४।७५</td><td>३५</td><td>ददेरी वृहत खानेपानी योजनामा ओभरहेड समेत जोडी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु...</td><td>वेरुजू खातामा दाखिला भौचर पेश भएको</td><td>४३२३६५</td></tr>
<tr><td>२०७४।७५</td><td>४४</td><td>मकै तथा तरकारी विउ खरिद गरी वितरण भरपाई पेश नभएको</td><td>भरपाई सहित गाउँसभाले अनुमोदन गरेको</td><td>२०९००५</td></tr>
<tr><td>२०७४।७५</td><td>४९</td><td>नरेन्द्र गायत्री विजुवारलाई रकम वुझाएको प्रमाण पेश नभएको</td><td>रकम दाखिला भएको प्रमाण पेश भएको</td><td>१७०००</td></tr>
<tr><td>२०७४।७५</td><td>५२</td><td>निजी मोटर साइकलको चेम्वर फेरेको रकम भुक्तानी दिएको</td><td>दाखिला भौचर पेश</td><td>१६५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			२०७४।७५	५५	दलित छात्रवृत्तिमा वढी भुक्तानी दिएको	दाखिला भौचर पेश	११२००	
			२०७४।७५	४५	तालिम प्रतिवेदन तयारी खर्च रविन गौतमलाई भुक्तानी दिएको	दाखिला भौचर पेश	१२०००	
			२०७४।७५	४१	पालिका अन्तर्गतको वर्थिङ्ग सेन्टरमा भर्ना भएको र सिफारिस भएको प्रमाण वेगर भुक्तानी दिएको	वेरुजूमा उल्लेख भए वमोजिम प्रमाण पेश गरेको	८६४९०	
			२०७४।७५	४६	विल विजक नम्वरमा केरमेट गरेको	मु अ कर समायोजन सहित गाउँसभाबाट अनुमोदन भएको	४०६१६.४१	
			२०७४।७५	४७	ज्यामी हाजिरी विवरण विना भुक्तानी दिएको	ज्यामी हाजिरी सहितको प्रमाण पेश	१५४५०	
			२०७४।७५	५०	सरुवा भ्रमण खर्च लिंदा म ले प १८९ प्रमाणीत वेगर भुक्तानी	प्रमाण पेश भएको	९०००	
			२०७४।७५	५१	पश्चिम नेपाल ग्रामिण	दाखिला भौचर पेश भएको	४६५००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>खानेपानी तथा सरसफाई परियोजनाले संचार सुविधा वढी भुक्तानी लिएको</td><td></td><td></td></tr>
<tr><td>२०७४।७५</td><td>५७</td><td>उपभोक्ता समितिले व्यक्तिलाई भुक्तानी दिएको</td><td>गाउँसभाको निर्णय वमोजिम</td><td>१०९२९२</td></tr>
<tr><td>२०७४।७५</td><td>३२</td><td>वढी भुक्तानी भएको</td><td>भुक्तानीमा प्राविधिक विलमा ८३५०.३१ घ मि र कर विजकमा भुलवस ८३५.३१ घ मि भएकोले सो को प्रमाण पेश भै फछ्र्यौट</td><td>६०९९८३</td></tr>
<tr><td>२०७५।७६</td><td>१</td><td>साल तमाममा वाँकी रकम फिर्ता नगरेको</td><td>दाखिला भौचर पेश</td><td>५५०००</td></tr>
<tr><td>२०७५।७६</td><td>१९</td><td>एड्भान्स व्युटिपार्लरलाई अग्रिम भुक्तानी दिएको</td><td>गाउँसभाले नियमित गरेको</td><td>१२००००</td></tr>
<tr><td>२०७५।७६</td><td>२१</td><td>ड्राइभिङ्ग तथा अटो मेकानिकल तालिमको अनियमित देखिएको</td><td>गाउँसभाको २०७८।१०।४ को निर्णयले नियमित गरेको</td><td>५०००००</td></tr>
<tr><td>२०७५।७६</td><td>२३</td><td>विभिन्न विल भरपाईको भुक्तानीमा अनियमित भनि</td><td>गाउँसभाको २०७८।१०।४ को निर्णयले नियमित गरेको</td><td>४८९१४११</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		कायम भएको वेरुजू		
२०७५।७६	२२	अग्रिम आयकर कट्टि नगरेको	दाखिला भौचर पेश	१३१६२
२०७५।७६	२७	आधारभुत कम्प्यूटर तालिमको प्रमाण पत्र तथा तालिम सम्पन्न प्रतिवेदन पेश नभएको	प्रमाण पेश भएको र गाउँसभाको २०७८।१०।४ को निर्णयले नियमित गरेको	१९९७००
२०७५।७६	२८	विभिनसिङ्ग लिफ्ट खानेपानी योजनाको कार्यस्विकार प्रतिवेदन पेश नभएको	कार्यस्विकार प्रतिवेदन पेश भएको	२०३१४३०
२०७५।७६	३३	समितिको नाममा रकम जम्मा हुनुपर्नेमा व्यक्तिको नाममा रकम भुक्तानी दिएको	गाउँसभावाट अनुमोदन भएको	४०००००
२०७५।७६	३६	सहिदको पहिचान नभै भुक्तानी दिएको	वडाको सिफारिस वमोजिम वास्तविक सहिदलाई भुक्तानी भएको	२८००००
२०७५।७६	४४	कार्यक्रम स्वीकृती वेगर सिप तथा जनचेतनामुलक	गाउँसभाको २०७८।१०।४ को निर्णयवाट अनुमोदन	१४६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		कार्यक्रम संचालन		
२०७५।७६	४५	अन्तरवार्तामा वढी भुक्तानी भएको	दाखिला भौचर पेश	८१६०
२०७५।७६	४७	दोहोरो सुविधा लिएको	दाखिला भौचर पेश	१६७००
२०७५।७६	४८	खाजा खर्चमा कर कट्टि दाखिला नभएको	दाखिला भौचर पेश	२०६३
२०७५।७६	४९	च्याउ खेतीको भुक्तानीमा कर दाखिला नभएको	दाखिला भौचर पेश	३६००
२०७५।७६	५१	सुशासन तथा एकिकृत घुम्ति सिविर संचालनमा उपस्थिति र प्रतिवेदन संलग्न नभएको	गाउँसभावाट अनुमोदन भएको	४३१००
२०७५।७६	५४	भाडा कर दाखिला नभएको	दाखिला भौचर पेश	१२००
२०७५।७६	५५	अग्रिम आयकर र वहाल कर कट्टि नभएको	दाखिला भौचर पेश	७८२०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७५।७६</td><td>५८</td><td>महिला विकास कार्यक्रममा समिति गठन प्रतिवेदन पेश नभएको</td><td>गाउँसभावाट अनुमोदन भएको</td><td>५०००</td></tr>
<tr><td>२०७५।७६</td><td>५९</td><td>सार्वजनिक सुनुवाईको प्रतिवेदन पेश नभएको</td><td>प्रतिवेदन पेश भएको</td><td>३२८००</td></tr>
<tr><td>२०७६।७७</td><td>४५</td><td>मु अ कर दाखिला नभएको</td><td>दाखिला भौचर पेश</td><td>१८२८२</td></tr>
<tr><td>२०७६।७७</td><td>८४ (ग)</td><td>मु अ कर दाखिला नभएको</td><td>दाखिला भौचर पेश</td><td>५१६८</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td></td><td>१०५६४५९७.४१</td></tr>
</table>
</td><td></td></tr>
</table>